# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ६३ मितिः २०७८/०९/०७

## भाग-२

## भरतपुर महानगरपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता सम्बन्धीत कार्यविधि, २०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

## भरतपुर महानगरपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता सम्बन्धी कार्यविधि, २०७८

**प्रमाणिकरण मिति २०७८/०९/०७**

प्रस्तावना : भरतपुर महानगर क्षेत्र भित्रका भूसतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न जलस्रोतको उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषणमुक्त राखी सामुहिक हितमा समुचित प्रयोग गर्न वान्छनीय भएकोले भरतपुर महानगरपालिकाको " वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०७६" को दफा ३७ को उपदफा ३ मा "आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान,अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ"उल्लेख भएकाले यसै दफाले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले "भरतपुर महानगरपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०७८" जारी गरेको छ ।

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**भरतपुर महानगरपालिकाको मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०७८**" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "जलस्रोत" भन्नाले नगरभित्रको भूसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।

(ग) "उपभोक्ता संस्था/समिति" भन्नाले दफा ६ बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/समितिलाई सम्झनु पर्दछ ।

(घ) "वतावरण तथा विपद समिति" भन्नाले महानगरपालिकाले वातावरण तथा विपद समितिलाई सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने व्यक्ति वा समूहलाई सम्झनुपर्छ ।

(च) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनुपर्छ ।

३. उपदफा (२) बमोजिम जलको प्रयोग गर्दा डिप बोरिङ्ग गर्ने भए नियमानुसार अनुमति लिनुपर्नेछ

**४. जलस्रोत स्वामित्वः** नगरपालिकाभित्र रहेको जलस्रोतको स्वामित्व महानगरपालिकामा निहीत रहनेछ।

**५.जलस्रोत उपयोगः** (१) यस कार्यविधि बमोजिम स्थानीय खानेपानी उपभोक्ता संस्था/समिति महानगरमा दर्ता नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) परम्परागत रुपमा भोगचलन गर्दै आएको खानेपानी मुहान, कुलो वा जलस्रोत उपयोगको संरचना स्थानीय खानेपानी उपभोक्ता समिति/संस्थाले सामुहिक हितको लागि प्रयोगमा ल्याउन बाधा पुगेको मानिने छैन ।

(३) परम्परा देखि प्रचलनमा रहेको खानेपानी वा कुलो वा जलश्रोतहरुको सामुहिक हितको लागि उपभोक्ता संस्था /समितिले जलस्रोतको उपयोगको लागि कुनै संरचना ( कुलो, पाइप बिच्छ्याउन, टंकी निर्माण) बनाउन परेमा उक्त स्थानमा व्यक्तिको निजी जग्गामा निरन्तर उपभोग भइ आएकोमा कसैले बाधा पुर्याउन पाइने छैन ।

(४) उपदफा ३ बमोजिम संरचना बनाउन जग्गा दिए बापत उपभोक्ता समिति/संस्थाले प्रयोगमा आएको जग्गाको प्रचलित मूल्य बमोजिमको रकम वा मनासिव क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिनुपर्नेछ ।उपभोक्ता र निजी जग्गाधनीको सहमतिमा सो प्रकृतिको जग्गा सार्वजनिक सम्पत्तिमा परिणत गर्न सकिनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्ने छैन :

(क) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रूपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) जग्गाधनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत नियमानुसार उपयोग गर्न ।

(६) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**६. खानेपानी उपभोक्ता संस्था/ समिति गठनः** (१) भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका जलस्रोतका मुहानको संरक्षण गरी संस्थागत रूपमा जलस्रोतको उपयोग गर्न चाहने स्थानीय उपभोक्ताहरुले खानेपानी उपभोक्ता संस्था/ समिति गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित उपभोक्ता समितिको एकप्रति विधानसहित महानगरपालिकाको वातावरण तथा विपद समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

**७. विधानमा खुलाउनुपर्ने विवरणहरुः** दफा ६ बमोजिम पेश गर्नुपर्ने खानेपानी उपभोक्ता संस्था/समितिको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनु पर्नेछः

(क) खानेपानी उपभोक्ता समितिको पूरा नाम र ठेगाना

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशनः र राजिनामा,

(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य र अधिकार)

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) विधान संसोधन,

(ठ) विघटन,

(ड) विविध ।

**८. दर्ता, प्रमाणपत्र, दर्ता शुल्क र नवीकरण दस्तुर :** (१) दफा ६ बमोजिम पर्न आएको दरखास्तउपर महानगरपालिकाको वातावरण तथा विपद समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति/संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची- २ बमोजिमको ढाँचामा खानेपानी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।यसरी प्रमाणपत्र उपलब्ध गराउँदा रु एक हजार दर्ता शुल्क लिनुपर्नेछ ।

(२) यो कार्यविधि प्रारम्भ हुनु अगाबै प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी मुहान संरक्षण र उपभोक्ता संस्था/ समितिहरु यसै कार्यविधि बमोजिम भएका मानिने छ ।

(३) खानेपानी उपभोक्ता संस्था/समितिले प्रत्येक वर्ष रु पाँचसय तिरी नवीकरण गर्नुपर्छ ।यस कार्यविधि बन्नु अगावै दर्ता भएका खानेपानी उपभोक्ता संस्था/समितिले वार्षिक रु पाँचसयका दरले नवीकरण दस्तुर बुझाई नवीकरण गर्नसक्नेछन् ।३ वर्ष सम्म विलम्ब शुल्क नतिरी नविकरण नगर्ने संस्था स्वतः विघटन भएको मानिनेछ ।

**९. विधान संसोधनः** उपभोक्ता संस्थाले आफ्नो विधान संसोधन गर्नु परेमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संसोधित मस्यौदा महानगरपालिकाको वातावरण तथा विपद समितिमा पेश गर्नु पर्नेछ र समितिले तत् सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संसोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**१०. वातावरण तथा विपद समिति र बैठक :** (१) महानगरपालिकाको वातावरण तथा विपद समितिले खानेपानी उपभोक्ता संस्था/ समितिलाई संस्था दर्ता प्रमाण पत्र उपलब्ध गराउने, नियमन गर्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ । बैठकको कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।समितिले आवश्यक ठानेमा विषय विज्ञका रुपमा जिल्ला डिभिजन वन कार्यालय, सिंचाई कार्यालय, खानेपानी डिभिजन कार्यालय, भू-संरक्षण कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय वा यस्तै कार्यालयबाट अधिकृत स्तरको प्रतिनिधि, स्थानीय सामुदायिक वन उपभोक्ता समिति, सम्बन्धित वडाको वडा अध्यक्ष वा प्रतिनिधि, महानगरपालिकाका सम्बन्धित महाशाखा/शाखा प्रमुखहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

अनुसूची-१
(दफा ६ को उपदफा (२) बमोजिम)
निवेदनको ढाँचा

मिति :

श्रीमान् संयोजकज्यू ,
वातावरण तथा विपद समिति
भरतपुर महानगरपालिका, भरतपुर, चितवन

विषयः **खानेपानी उपभोक्ता संस्था/ समिति दर्ता गरी पाउँ ।**

महोदय ,

हामीले भरतपुर महानगरपालिका वडा नं. ......स्थित ....................मा रहेको खानेपानी मुहान संरक्षण गरी सामुहिक हितको उपयोगका लागि स्थानीय उपभोक्ताहरुको भेलाले खानेपानी उपभोक्ता समिति गठन गरेकाले देहाय बमोजिमका विवरण उल्लेख गरी आवेदन दिएका छौं । माथि उल्लेखत खानेपानीको मुहान र उपभोक्ता संस्था/समिति दर्ता गरी पाउँ भनी अनुरोध गर्दछौं ।

तपसिलः

१. खानेपानी उपभोक्ता संस्था/समितिको नाम :
२. कार्य क्षेत्रः भरतपुर महानगरपालिका वडा नं......:
३. उद्देश्यहरू :

क)
ख)
ग)

४) उपयोग गरिने जलस्रोतको विवरण :
क) जलस्रोतका नाम र रहेको ठाउँ :
ख) जलस्रोतबाट गरिने प्रयोग :
ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः
घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग :
८) उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः
क) सेवाको किसिमः
ख) सेवा पुऱ्याउने क्षेत्रः
ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

९) समितिको ठेगाना र सम्पर्क व्यक्तिको नाम र टेलिफोन नं.

सम्लग्न कागजातहरु

१) उपभोक्ता समिति गठनका लागि आयोजित भेलाको उपस्थित र निर्णयको छायाँप्रति

२) उपभोक्ता समितिको बिधानको छायाँप्रति

३) उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको छायाँप्रति

४) वडा कार्यालयको सिफारिस

निवेदक,

सहीः......................

नामः

पदः

भरतपुर महानगरपालिका वडा नं.

अनुसूची-२
(दफा ७ को उपदफा (१) बमोजिम)
भरतपुर महानगरपालिका
वातावरण तथा विपद समिति
भरतपुर, चितवन

दर्ता मिति :
दर्ता नं. :

## खानेपानी उपभोक्ता संस्था/समित दर्ता प्रमाण पत्र

श्री .......................................
(सम्बन्धित उपभोक्ता संस्थाको नाम)
भरतपुर महानगरपालिका वडा नं......,

भरतपुर महानगरपालिका वातावरण तथा विपद समितिको मिति...............................को निर्णयबमोजिम **भरतपुर महानगरपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०७८** बमोजिम यस कार्यालयमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । महानगरपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम संचालन गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तोकिएको तस्तुर तिरी नवीकरण गर्नुहुन जानकारी तथा अनुरोध गरिन्छ।

सही :............................
नाम, थर
पद : सदस्य सचिव
वातावरण तथा विपद समिति